# विद्युत खरिद बिक्री गर्नेसम्बन्धी प्रतिवेदन प्रस्तुत



नारायण अर्याल मध्यान्ह
काठमाडौं, २८ साउन ।

जलविद्युत आयोजनाको लाइसेन्सको अवधिमा ५० वर्ष पुऱ्याउन सुझाव दिइएको छ । ऊर्जा मन्त्रालयका सहसचिव सन्दीपकुमार देवको संयोजकत्वमा बनेको अध्ययन समितिले विद्युत खरिद बिक्री सम्झौता गर्ने सम्बन्धमा नीतिगत व्यवस्था सम्बन्धी प्रतिवेदन २०८० मार्फत् गर्दै जलाशययुक्त जलविद्युत आयोजनाको लाइसेन्स अवधि ५० वर्ष बनाउन सुझाव दिएको हो ।

यसअघि ३५ वर्ष रहेको अवधिलाई ४५ वर्ष कायम गर्नु पर्ने र काबु बाहिरको अवस्था भएमा ५ वर्ष थप गरेर ५० वर्ष कायम गर्नु पर्ने सुझाव समितिको छ । ऊर्जा उत्पादकहरूले लाइसेन्स अवधि ५० वर्ष पुर्याउन माग गरिरहेका

क्षमता वृद्धिको अवस्थामा समेत न्यूनतम क्यूफोर पिओई मा गर्दै आएकोमा आयोजना अप्टीमाइज हुने पिओइंका आधारमा साविककै पोष्टेड दरमा पीपीए गर्नु पर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ । नेपाल सरकारको निर्णय बमोजिम तोकिएको उत्पादन सम्मिश्रणमा उल्लेखित विद्युत् उत्पादनको सिमा हासिल गर्ने सो सिमाभन्दा बढी क्षमतामा जलविद्युत आयोजनाहरूको विद्युत खरिद बिक्री सम्झौता गर्नुपर्ने भएकोले हाल विद्युत खरिद बिक्री सम्झौता पश्चात् पनि वित्तीय व्यवस्थापन हुन नसकी निर्माण चरणमा जान नसकेका आयोजनाहरूको आंकडालाई आधार मान्दा उत्पादन सम्मिश्रणमा उल्लेखित सिमाभन्दा ३५५ बढी क्षमतामा आरओआर, पीआरओआर

खुला गरिने भएकाले सुख्खायामका महिनाहरुको ऊर्जा ३०५ पुग्नु पर्ने साविकको व्यवस्था हटाई वर्षायाम तथा सुख्खायामको अवधि ६/६ महिना कायम गर्नु पर्ने सुझाव पनि दिएको छ । यस्तै, अब विद्युत खरिद दर आयोजनाको अनुमानित लागत, ऋणको स्रोत तथा ब्याजदर, ऋणको सावां ब्याजको भुक्तानी प्रक्रिया, निर्माण तथा सञ्चालनमा प्राप्त हुने आम्दानी, राजस्व तथा कर र सेवा शुल्क लगायतको आधारमा निर्धारण गर्नु पर्ने सुझाव दिएको छ ।

### इप्पानद्वारा स्वागत

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था (इप्पान)ले विद्युत् खरिद बिक्री सम्झौता गर्ने सम्बन्धमा नीतिगत व्यवस्था सम्बन्धी प्रतिवेदन, २०८०' को स्वागत गरेको छ । इप्पानले काठमाडौंमा आइतबार पत्रकार सम्मेलन गर्दै प्रतिवेदनमा विद्युत् आयोजनाहरुको विद्यमान अवस्था, विद्युत उत्पादनको अवस्था, विद्युत प्रसारणको अवस्था, समितिले कार्यदेश अनुसार गरेको अध्ययन तथा विश्लेषणका विषय वस्तुहरुको स्वागत गरेको हो ।

नेपाल विद्युत प्राधिकरण

भएको थियो । समितिले तयार पारेको प्रतिवेदन नेपाल विद्युत् प्राधिकरण सञ्चालक समिति समक्ष पेस भइसकेको छ ।

पत्रकार सम्मेलनमा इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डांगीले पीपीए गर्दा क्यु ४० पिओईमा गर्दै आएकोमा आयोजना अप्टीमाइज हुने पिओईकै आधारमा पिपिए गर्ने तथा उत्पादन सम्मिश्रणमा उल्लेखित सीमाभन्दा ३५ प्रतिशत बढी क्षमतामा आरओआर, पिआरओआर र स्टोरेजरपम्ड स्टोरेज आयोजनाहरुको विद्युत् खरिद बिक्री गर्ने कुरा स्वागतयोग्य भएको बताए ।

प्रदेश सरकार

## खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय

कोशी प्रदेश, बिराटनगर, मोरङ

## बोलपत्र अस्वीकृत वा रद्द भएको सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/०४/२९

प्रस्तुत विषयमा यस मन्त्रालयबाट मिति २०८०/०२/०२ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक प्रकाशित सूचनाअनुसार निम्न कार्यको लागि बोलपत्र आव्हान गरिएकोमा इर्जिप सिस्टम्स् मार्फत दर्ता हुन आएका सम्पूर्ण बोलपत्रहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उप-दफा २ (घ) बमोजिम सारभूत रुपमा प्रभावग्राही रहेको नदेखिएकोले सोहि ऐनको दफा २६ को उप-दफा १ (क) बमोजिम अस्वीकृत भएको व्यहोरा यस मन्त्रालयको मिति २०८०/०४/२६ गतेको निर्णयानुसार सम्बन्धित सम्पूर्ण सरोकावालाहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description and location of work |
|---|---|---|
| 1 | MoWSIE-KP/ DoIE/ NCB-04/ Goods/079-80 | Supply, delivery, installation, testing and commissioning of solar lighting system with all accessories all complete, Haleshi Tuwachung Municipality-07, Haleshi Mahadev Temple |
| 2 | MoWSIE-KP/DoIE/ NCB-05/Goods/079-80 | Supply, delivery, installation, testing and commissioning of solar lighting system with all accessories all complete, Phungling Municipality-10 & 11, Pathibhara Temple. |